**नेपाल बीमा प्राधिकरण**

**ललितपुर, नेपाल**

**बीमा ऐन २०७९ बमोजिम इजाजत नलिइ बीमा प्रकृतिका व्यवसाय संचालन गर्न नहुने वारेको सूचना**

बीमा ऐन २०७९ दफा २४ अनुसार यस प्राधिकरणबाट इजाजतपत्र नलिइ कसैले पनि बीमा, पुनर्बीमा, बीमाकोष जस्ता जुनसुकै शव्द प्रयोग गरी वा नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बीमा व्यवसाय सम्बन्धी कुनैपनि कारोवार,व्यवसाय,उद्योग वा व्यापार गर्न वा गराउन हुँदैंन भन्ने र दफा १५३ अनुसार बीमक बाहेक अन्य कसैसँग बीमा व्यवसाय सम्बन्धी कारोवार गर्न नहुने कानूनी व्यवस्था सवैमा जानकारीनै छ ।

उल्लिखित कानूनी प्रावधान विपरित हुनेगरी बीमक बाहेकका संगठित संस्थाहरुले बीमा व्यवसाय संग सम्बन्धित कारोवारहरु गरेका देखिएको हुँदा त्यस्तो कार्य सोही ऐनको दफा १४० को उपदफा (१) को खण्ड (क) बमोजिमको बीमा कसूर मानिने र दफा १४१को उपदफा (१) बमोजिम दण्ड जरिवाना हुन सक्ने भएकाले उल्लेखित व्यवस्थाको विपरित हुनेगरी कसैलेपनि बीमा व्यवसाय सम्बन्धी कारोवार,व्यवसाय,व्यापार वा उद्योग गर्ने वा अन्य कुनै प्रयोजनका लागि आफ्नो कम्पनी, फर्म वा संस्थाको नाममा बीमा, पुनर्बीमा, बीमाकोष जस्ता शब्दहरु प्रयोग नगर्नतथाप्रधिकरणबाट इजाजतप्राप्त बीमक बाहेक अन्य कुनै कम्पनी फर्म वा संस्थासँग बीमा सम्बन्धी कारोवार वा बीमा व्यवसाय नगर्न नगराउन सम्बन्धित सबैको जानकारिका लागि यो सूचना जारी गरिएको छ ।

कानून तथा नियमन महाशाखा